सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वङ्गाँडा, प्यूठान

लुम्बिनी प्रदेश नेपाल

प.सः२०८१/०८२

च.नं: १७५८

मितिः२०८१।०९।२५

श्री वडा कार्यालयहरु सबै।

श्री विषयगत शाखाहरु सबै।

सरुमारानी गाउँपालिका, प्यूठान।

विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१।०९।१७ गते बसेको बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

२०८१।०९।२५

..............................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

दविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
अध्यक्ष

**मिति २०८१।०९।१७ गतेका गाउँकार्यपालिकाको एकाउन्नौ बैठकका प्रस्तावहरु:**

१. प्रगति समिक्षा सम्बन्धमा ।
२. सामुदायिक विकास परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
३. गाउँपालिका भवनको कम्पाउण्ड निर्माण/मर्मत सम्बन्धमा ।
४. ल्होसार पर्व र माघेसंक्रान्ती मेला सम्बन्धमा ।
५. विपद पूर्व तयारी तथा प्रतिकार्ययोजना निर्माण सम्बन्धमा ।
६. आपतकालिन कार्यसंचालन केन्द्र स्थापना सम्बन्धमा ।
७. विपद् प्रभावित लाभग्राहीको रकम निकासा सम्बन्धमा ।
८. बङ्गाडा-उपल्लोखुट्टी तिराम सडक निर्माण सम्बन्धमा ।
९. ऐरावती-बङ्गाडा पुठाखोला दाङ्ग स्तरउन्नोती सडकको बाकी रकम भुक्तानी सम्बन्धमा ।
१०. झोलुंगेपुल माग सम्बन्धमा ।
११. राष्ट्रपति रनिङ्गशिल्डको नपुग रकम सम्बन्धमा ।
१२. पंजिकरण सम्बन्धी बायोमेट्रिक्स डिभाईस खरिद सम्बन्धमा ।
१३. स्थायी दरबन्दी पदपुर्तिका लागि लोकसेवा आयोगमा माग सम्बन्धमा ।
१४. योजनाहरुको मर्मत संभार सम्बन्धमा
१५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनामा निर्माण सामग्रीमा नपुग रकम सम्बन्धमा ।
१६. खानेपानी योजनाको प्राथमिकिकरण सम्बन्धमा ।
१७. सडक बोर्ड तर्फको योजना छनौट र भुक्तानी सम्बन्धमा ।
१८. विधेयक तयारी सम्बन्धमा ।
१९. डि.पि.आ.र निर्माण सम्बन्धमा ।
२०. योजना संशोधन सम्बन्धमा ।
२१. शिक्षक दरबन्दी सम्बन्धमा ।
२२. माडी नदिजन्य पदार्थ (ढुंगा, गिट्टि बालुवा) को निकासी खोल्ने सम्बन्धमा ।
२३. बिविध सम्बन्धमा ।
- बृक्षारोपण सम्बन्धि विवरण सम्बन्धमा-समृद्धिको लागि वन परियोजना ।
- कला संस्कृति/पंचेबाजा तालिम/सहयोग-सहभागी छनौट सम्बन्धमा ।
- लोकसेवा आयोगको तयारी कक्षा संचालन सम्बन्धमा।
- डम्पिङ्गसाईट ब्यवस्थापन, सम्बन्धमा ।
- स्रोत केन्द्र संचालन र ब्यबस्थापन,
- पुराना सामाग्रि लिलाम विक्रि सम्बन्धमा ।



दविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

## बैठक संख्या-५१

## गाउँकार्यपालिकाको एकाउन्नौ बैठकका निर्णयहरु-२०८१।०९।१७ गते

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।०८।१३ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो ।

**निर्णय नं. २ सामुदायिक विकास परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (विकास सहायता समन्वय शाखा) को च.न. ४२२ मिति २०८१/०३/०५ गतेको उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना पेश गर्ने पत्र अनुसार गाउँपालिका स्तरीय अस्पताल भवन निर्माणको परियोजना प्रस्ताव पेश गर्ने र उक्त परियोजनाको कुल लागत रु.२५,२४,३३,६८९.७४ मध्ये सामुदायिक विकास परियोजनाले बेहोर्ने रकम २० करोड बाहेकको बाँकी रकम यस गाउँपालिकाले लागत सहभागिता गर्ने प्रतिबद्धता व्यक्त गरियो ।

**निर्णय नं. ३ गाउँपालिका भवनको कम्पाउण्ड निर्माण/मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासनिक भवनको कम्पाउन्डवाल निर्माण, गेट र कम्पाउन्डवाल भित्र ईटा/ढुंगा छाप्ने लगाएतका अन्य कार्य गर्न गाउँपालिकाले लागत अनुमानका आधारमा आगामी गाउँसभाबाट बजेट व्यवस्था गरी निर्माण कार्य शुरु गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ ल्होसार पर्व र माघेसंक्रान्ती मेला सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपलिकामा नियमित र वार्षिक रुपमा मनाईने तपिशलका पर्व/मेलाहरु चालू तर्फको कार्यक्रम खर्च शिर्षकबाट निम्नानुसार बजेट रकमान्तरण गरी खर्च गर्ने निर्णय गरियो ।

तपशिल

- गुरुङ्ग समुदायको तमू ल्होसार पर्व कार्यक्रम- रु. ७५०००/- वडा नं. २
- माघे संक्रान्ती पर्वमेला ब्यवस्थापन सरुमारानी ४ प्यूठान -रु. ७५०००/-

**निर्णय नं. ५ विपद् पूर्व तयारी तथा प्रतिकार्ययोजना निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं. ५ आ.व.२०८१/०८२ को विपद पूर्व तयारी तथा प्रतिकार्ययोजना निर्माण गर्ने र सोको प्राविधिक सहयोगको लागि प्रतिबद्ध परियोजना-३ लाई अनुरोध गर्ने निर्णय गरियो ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ६ आपतकालिन कार्यसंचालन केन्द्र स्थापना सम्बन्धमा ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको आपत कालिन कार्य संचालन केन्द्र संचालनको लागि यस गाउँपालिकाले कार्यालय प्रयोजनको लागि लिएको बसन्त जि.सी.को घरको पहिलो तलामा हाललाई स्थापना गर्ने र आपतकालिन कार्य संचालन केन्द्रमा रहनु पर्ने न्यूनतम सामग्रीहरु मध्ये यस गाउँपालिकामा भएका सामग्री बाहेक बाँकी सामग्रीहरु र विपद ब्यवस्थापनको लागि आवश्यक पर्ने अन्य सामग्रीहरुको ब्यवस्थाको लागि प्रतिवद्ध परियोजना-३ लाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७ विपद् प्रभावित लाभग्राहीको रकम निकासा सम्बन्धमा ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा विपद प्रभावित मध्ये घर निर्माण सम्पन्न गरेका वडा नं. ६ का ३ वटा घरधुरीका लाभग्राहीहरुको दोश्रो र अन्तिम किस्ता रकम यस गाउपालिकाको प्रकोप ब्यवस्थापन कोष शिर्षकवाट भुक्तान गर्ने निर्णय गरियो ।साथै नयाँ निर्माण हुने थप घरधुरीहरुको किस्ता रकम समेत निर्णयका आधारमा प्रकोप ब्यवस्थापन कोष शिर्षकबाट भुक्तान गर्ने निर्णय गरियो

## निर्णय नं. ८ बड्डाडा-धनकोट उपल्लोखुट्टी तिराम सडक निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गत आ.ब.मा स्वचालित प्रदेश समपुरक अनुदानबाट संचालित बड्डाडा-धनकोट उपल्लोखुट्टी तिराम सडकको सार्वजनिक खरिद ऐन दफा ५९ को ४ तथा नियमावलीको दफा १२७ को १ बमोजिम सुविस्ताको आधारमा सम्झौता अन्त गर्ने र ठेकेदारले गरेको कामको भुम्तानी गर्न बाकी रहेको रकम चालु आ.ब.को स्वीकृत बड्डाडा-उपल्लोखुट्टी तिराम सडक निर्माण वडा नं. ६ योजनाको शिर्षकबाट प्राविधिक बिल अनुसारको रकम रु. ८,५०,०००। भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं.९ ऐरावती-बड्डाडा पुठाखोला दाङ्ग स्तरउन्नोती सडकको रकम भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गत आ.ब.मा स्वचालित संघीय समपुरक अनुदानबाट संचालित ऐरावती-बड्डाडा पुठाखोला दाङ्ग स्तरउन्नोती सडकको भुम्तानी गर्न बाकी रहेको रकम रु. ४६,७४,९६९/- यस अघि रु. ११,५६,०००/- भुक्तानी भईसकेकोले बाकी रकम रु. ३५,१८,९६९/- रुपैयामा ११५ दिनको हर्जना कट्टा गरी चालु आ.ब.को स्वीकृत ऐरावती-बड्डाडा पुठाखोला दाङ्ग ग्रामिण सडक स्तरउन्नोती (क्रमागत अधुरो) योजनाको शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. १० झोलुंगेपुल माग सम्बन्धमा ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा,

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

देवीराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

क) स्थानीय पूर्वाधार विकास विभाग (झोलंगे पुल शाखा) को च.नं.१४४ मिति २०८१।०९।०२ को पत्र अनुसार तपशिलका झो.पु. योजनाहरु प्राथमिकताका आधारमा निर्माण कार्यको लागि माग गर्ने निर्णय गरियो ।

तपशिल

१. पोल्याङ्ग झो.पु. वडा नं.-६
२. वर्नीविर अडरवारी झो.पु.वडा नं.-२
३. बुढिखोलाघाट झो.पु.वडा नं.-४
४. पुठाखोला झो.पु.वडा नं.-५
५. बोधन खोला झो.पु.वडा नं.-१
६. अदुवावारी विरेबगर झो.पु.वडा नं.-२
७. भिंगृखोला आमडाडा झो.पु.वडा नं.-६
८. चौके झो.पु.वडा नं.-५
९. कालिवन-फोर्साबाङ्ग झो.पु.वडा नं.-१
१०. पाङ्गबाङ्ग-दोखाँय झो.पु.वडा नं.-६
११. कुडुले झो.पु.वडा नं.-४
१२. धाद्र दमारवारी-कुडुले झोपु वडा नं-१

ख) यस गाउँपालिका अन्तर्गत निम्न झो.पु.हरुको दुरी १२० मीटर भन्दा लामो भएकाले स्थानीय पूर्वाधार विभाग/सस्पेन्सन बृज डिभिजन, श्री महल पुल्चोक ललितपुरमा माग गर्ने निर्णय गरियो।

तपशिल

१. जावुने राप्ती नदि झो.पु वडा नं. ३
२. वैके झो.पु. माडी नदि झो.पु. वडा नं. ४
३. मान्द्रे - दह माडी नदि झो.पु वडा नं ४

**निर्णय नं. ११ राष्ट्रपति रनिङ्गशिल्डको नपुग रकम सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस चालू वर्षमा संचालन भएको राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएकोले सो प्रतियोगिता संचालनको लागि विनियोजित बजेट कार्यक्रम सम्पन्न गर्न कठिन भएकोले खर्च भएको थप रकम रु. २,३५,०००/- चालु शिर्षकको कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

देवीराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

बहादुर विश्वकर्मा
अध्यक्ष

CamScanner

दीर्घराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १२ पंजिकरण सम्बन्धी बायोमेट्रिक्स डिभाईस खरिद सम्बन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल यस गाउँपालिकाका सबै वडाहरु र गाउँपालिकाको कार्यालयमा व्यक्तिगत घटना दर्ता (पंजिकरण) सम्बन्धि कार्यका लागि ७ वटा बायोमेट्रिक्स डिभाईस खरिद गर्ने र सो को लागि आवश्यक पर्ने बजेट रु. २,१०,०००/- सूचना प्रणाली तथा सफ्टवयर संचालन खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ स्थायी दरबन्दी पदपुर्तिका लागि लोकसेवा आयोगमा माग सम्बन्धमा ।**

प्रस्ताव नं. १३ माथि छलफल यस गाउँपालिकाको लागि नेपाल सरकारबाट स्वीकृत स्थायी दरबन्दी मध्ये तपशिलका पदहरुमा स्थायी पदपुर्तिको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय/प्रदेश लोकसेवा आयोगमा माग गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | पद | तह | सेवा समूह/उपसमूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहायक | सहायक पाचौ तह | प्रशासन/सा.प्र. | १ | |
| २ | सहायक | सहायक चौथो | प्रशासन/सा.प्र. | १ | |
| ३ | सब-ईन्जिनियर | सहायक पाचौ तह | ईन्जिनियरिङ्ग/सिभिल | २ | |
| ४ | कृषि प्राविधिक | सहायक पाचौ तह | कृषि/लापोडेडे | १ | |
| ५ | पशुचिकित्सक | अधिकृत छैठौं/सातौ | कृषि/भेट | १ | |
| ६ | आ.ले.प. | सहायक पाचौ | प्रशासन/आलेप | १ | |

**निर्णय नं. १४ योजनाहरुको मर्मत संभार सम्बन्धमा ।**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा निम्न योजनाहरुको मर्मर संभार कोष शिर्षकबाट भुक्तानी हुने गरी निम्नानुसारको बजेट बाडँफाड गर्ने निर्णय गरियो ।

- अम्मरे पुर्णगाउँ मो.बा. मर्मत वडा नं ४ -रु.१,००,०००/-
- छतिवन दमार मो.बा. मर्मत वडा नं. ४ -रु. ५०,०००/-
- वडा नं. २ को वडा कार्यालय भवन मर्मत -रु. ५०,०००/-
- वडा नं. ५ को स्वास्थ्य चौकी मर्मत- -रु. ६०,०००/-
- वडा नं ४ को आधारभूत स्वास्थ्य संस्था मर्मत -रु. ५०,०००/-
- वडा नं ६ को आधारभूत स्वास्थ्य संस्था मर्मत -रु. ५०,०००/-
- वडा नं ३ को स्वास्थ्य चौकी मर्मत - रु. ५०,०००/-
- बङ्गाडा वजारक्षेत्र सडक वत्ती मर्मत/जडान खर्च रु. ८५,२१७/-
- बङ्गाडा वजारक्षेत्र सडक वत्ती मर्मत/जडान खर्च रु. ५७,५००/-

दीर्घराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

- सि.सि क्यामेरा मर्मत खर्च रु. १,२५,००० /-
- बडुँडा रानी पौवा खण्ड मो.वा मर्मत रु. ५०,०००।-

**निर्णय नं. १५ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनामा निर्माण सामाग्रीमा नपुग रकम सम्बन्धमा ।**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा निम्न योजनाहरुको मर्मर संभार शिर्षकबाट भुक्तानी हुने गरी निम्नानुसारको वजेट वाडँफाड गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

- कल्पना वाल विकास केन्द्र भौतिक पुर्वाधार निर्माण रु. १८,०००/- (प्रधानमन्त्री रोजगार कार्यक्रम-निर्माण सामाग्री थप)
- लुकलुके वाल विकास केन्द्र भौतिक पुर्वाधार निर्माण रु. १३,०००/- (प्रधानमन्त्री रोजगार कार्यक्रम-निर्माण सामाग्री थप)
- सिम्ले वालविकास केन्द्र २ कोठे भवन रु. १६,०००/- (प्रधानमन्त्री रोजगार कार्यक्रम-निर्माण सामाग्री थप)

**निर्णय नं. १६ खानेपानी योजनाको प्राथमिकिकरण सम्बन्धमा ।**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा शहरी विकास तथा खानेपानी मन्त्रालय, लुम्विनी प्रदेश सरकारको च.न. २४१ मिति २०८१/०९/०९ अनुसार NWASH-MIS मा ईन्ट्रिभएका योजना नै प्राथमिकिकरण गरी वास योजनामा समावेश गरिएकोले NWASH-MIS मा ईन्ट्रिभएका योजनालाई पुनः पठाउने निर्णय गरियो ।

**निर्णय नं. १७ सडक बोर्ड तर्फको योजना छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा,

क) सडक बोर्ड तर्फ यस गाउँपालिकामा गत बर्ष देखि निर्माण/मर्मत कार्य सुरु भई सम्पन्न भएको स्वर्गद्वारीगेट-गनाह मो.बा.मा यस गाउँपालिकाले बेहोर्नु पर्ने साझेदारी रकम गत वर्षको दायित्व सिर्जना भइ भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रम भुक्तानी शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ख) सडक बोर्ड तर्फ यस गाउँपालिकामा चालु आ.व.मा सडक निर्माण/मर्मत कार्यका लागि रु. १४,००,०००/- विनियोजन भएकोले सो बजेट कार्यान्वयनको लागि पूनः स्वर्गद्वारी गेट-गनाह मो.बा.लाई छनौट गर्ने र यस गाउँपालिकाले नियमानुसार बेहोर्ने पर्ने साझेदारी रकम रु ६,००,०००/- यस गाउँपालिकाको विभिन्न योजना तथा कार्यक्रममा साझेदारी रकम शिर्षकबाट वेहोर्ने निर्णय गरियो ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १८ विधेयकहरुको तयारी सम्बन्धमा ।**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा, नेपालको संविधानको अनुसूची-८ मा ब्यबस्था भएका एकल अधिकारहरु मध्ये यस गाउँपालिकाको दोश्रो गाउँसभाको १६ औं अधिवेशनको दोश्रो बैठकमा पेश गर्न आवश्यक नयाँ विधेयकहरुको मस्यौदाको तयारी, संशोधन गर्नु पर्ने ऐनहरुको पहिचान र संशोधनका विषयहरु तथा आवश्यक नियमावलीहरुको मस्यौदा तयार गर्ने निर्णय गरियो। साथै विभिन्न कार्यविधि, निर्देशिकाहरुको नयाँ निर्माण,संशोधन गर्नु पर्ने भए सो को समेत तयार गर्ने निर्णय गरियो। साथै सो प्रयोजनको लागि उपाध्यक्षको संयोजकत्वमा सबै विषयगत समितिका संयोजकहरु सदस्य रहने गरी कार्यदल गठन गर्ने निर्णय गरियो।

**निर्णय नं. १९ डि.पि.आ.र निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं. १९ माथि छलफल गर्दा, यस गाउँपालिकाको वडा नं. ६ मा जाने मोटरबाटो बायखोला बुढिचौर तिराम जाने मो.बा. अन्तरगत ओज्जेनी खोलामा पक्कीपुलको डि.पि.आ.र निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० योजना संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. २० माथि छलफल गर्दा,

क) यस गाउँपालिकाको चालू आ.व.को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत तपशिलका योजना तथा कार्यक्रम आगामी गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | स्वीकृत योजनाको नाम | बजेट रु. | संशोधित योजना तथा कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | हापुरखोला उपल्लो सिचाई कुलो | ७५,०००।- | हपुरखोला उपल्लो सिचाई | ७५,०००।- | |
| २ | कोरेली पाडी वितरण कार्यक्रम | ९,००,०००। | मिनिटिलर वितरण कार्यक्रम | ५,००,०००/- | |
| | | | मोटरपाईप वितरण कार्यक्रम | २,००,०००/- | |
| | | | तल्लो ढाण स्वामी रह सिंचाई आयोजना | १,००,०००/- | |
| | | | रत्ने सोमै टोल मो.वा ग्रावेल आयोजना | १,००,०००/- | |
| ३ | बोधने खोला मल्लटोल पक्कीकुलो निर्माण-वडा न. १ | १,२५,०००।- | बोधने खोला बाध र पक्कीकुलो निर्माण योजना (वडा न. १) | २,२५,०००/- | प्र.रो.का.- निर्माण सामाग्री रकम- गा.पा. बजेट |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | बोधने खोला अधिकारी वाधँ निर्माण-वडा न. १ | ५०,०००।- | | | नियमित वडा बजेट विनियोजन |
| ५ | बोधनेखोला गोज बहादुर पक्की डुढ निर्माण-वडा न. १ | ५०,०००।- | | | ,, |

**निर्णय नं. २१ शिक्षक दरबन्दी सम्बन्धमा ।**

प्रस्ताव नं. २१ माथि छलफल गर्दा सरुमारानी गाउँपालिका अनतर्गतको रासी प्राथमिक विद्यालय दुमहीमा कार्यरत शिक्षक मीनराज रानाले आ.व.२०८०।०८१ सम्म सामुदायिक वनको आम्दानी तथा अन्य निजी स्रोतबाट तलब/भत्ता प्राप्त गरिरहेकोमा यस आर्थिक वर्ष २०८१।०८२ देखि उक्त प्रकारका स्रोत उपलब्ध हुन नसक्ने भएको हुँदा गाउँपालिकाको स्रोतबाट शिक्षक अनुदान उपलब्ध गराउन विद्यालय व्यवस्थापन समितिबाट अनुरोध आएकाले गाउँपालिकाले सिर्जना गरेको गाउँपालिका अनुदान अन्तर्गतका १७ वटा दरवन्दीमध्ये दरबन्दी संख्या-१ वचत (रिक्त) भएकाले उक्त प्राथमिक तह दरवन्दी संख्या १ रासी प्राथमिक विद्यालय दोमहीलाई प्रदान गर्ने निर्णय गरियो।

**निर्णय न.२२ माडी नदिजन्य पदार्थ (ढुंगा, गिट्टि बालुवा) को निकासी खोल्ने सम्बन्धमा ।**

क) यस सरुमारानी गाउँकार्यपालिका अन्तर्गत माडि नदिका विभिन्न स्थानबाट नदिजन्य पदार्थ उन्खनन संकलन र निकासीका लागी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागी राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिबाट प्राप्त अनुमती अनुसार ढुंङ्गा, गिट्टि र वालुवाको व्यवसायिक संकलन तथा विक्रि वितरणको लागी यस कार्यालयबाट मिति २०८१।०८।११ गते र २०८१।०९।०९ गतेमा बोलपत्र सुचना आव्हान गरिएकोमा कुनै फर्मवाट निवेदन पर्न नआएको हुनाले लुम्बिनी प्रदेश सरकारको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम गाउँपालिका भित्रका विकास निर्माणका कार्यहरुलाई अगाडी बढाउन आन्तरिक खपतको प्रयोजनको लागि माडी खोला क्षेत्रका कुडुले, नौघाट र पनाहा क्षेत्रबाट ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा माथीका बुदाँहरुमा तोकिएको समय, क्षेत्र र शर्तहरुको नियम पालना गरी कुडुले घाटबाट निकालिने नदिजन्य पदार्थको ४ न. वडा कार्यालय र नौघाट र पनाहा घाटबाट निकालिने नदिजन्य पदार्थको ३ न. वडा कार्यालयबाट नगदी रसिद काटी मिति २०८१।१०।३ गते देखि निकासी गर्ने निर्णय गरियो ।

साथै यसरी निकासी गर्दा निम्नानुसारका दररेट र शर्तहरु पालन गर्ने निर्णय गरियो ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

तपशिल

- प्रदेश सरकारले निर्धारण गरेको ढुंङ्गा, गिट्टि र वालुवाको दररेट अनुसार भ्याट सहित प्रति टेक्टर रु. ५४५/-, ६ चक्के टिप्परको प्रति टिप्पर रु. १६८०/-, ८ चक्के टिप्परको प्रति टिप्पर रु. २०४०/- १० चक्के टिप्परको प्रति टिप्पर रु. २६४०/- का दरले नगदि रसिद काटी तोकिएको रकम भुक्तान गरे पछि मात्र टेक्टर/टिप्पर लिएर खोलामा जानु पर्नेछ। तोकिएका स्थानबाट गाउँपालिकाबाट खटिएका कर्मचारी वाहेक अन्य व्यक्तिले नगदि रसिदको प्रयोग गर्न नपाईने ।
- ढुंङ्गा, गिट्टि र वालुवाको निकासी, उत्खनन र व्यबस्थापनको मिति २०८१।०९।१८ गते देखी २०८२ जेष्ठ मसान्त सम्म मात्र लागु हुने ।
- ढुंङ्गा, गिट्टि र वालुवाको निकासीको लागि सम्बन्धित वडा कार्यालयमा नगदी रसिद काटे पश्चायत सोही दिनको साझ ६.३० बजे सम्म ढुंङ्गा, गिट्टि र वालुवा खोलाबाट निकासी गर्न पाईनेछ सो भन्दा अन्य समयमा निकासी गरेको पाईएमा नियमानुसार दण्ड जरिवाना गर्ने ।
- जो कसैले ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा माथीका बुदाँहरुमा तोकिएको समय, क्षेत्र र शर्तहरुको नियम पालना नगरेमा टेक्टरहरुलाई प्रति टेक्टर पहिलो पटक कारवाही स्वरुप रु. ५,०००/- र दोश्रो पटक देखी प्रतिपटक रु. ५,०००/- का दरले थप जरिवाना र टिप्परहरुलाई प्रति टिप्पर पहिलो पटक कारवाही स्वरुप रु. १०,०००/- र दोश्रो पटक देखी प्रति पटक रु. १०,०००/- का दरले थप जरिवाना गर्ने।
- जो कसैले ढुंङ्गा, गिट्टि र वालुवा लगेर अनावश्यक रुपमा गैर कानुनी ढंगले डम्पिङ्ग गरेको पाईमा नियमानुसार कार्वाही गर्ने ।

**निर्णय नं. २३ बिविध सम्बन्धमा ।**

- **बृक्षारोपण सम्बन्धि विवरण सम्बन्धमा-समृद्धिको लागि वन परियोजना ।**

समृद्धिको लागी वन परियोजना अन्तरगत सार्वजनिक वन र निजिवन दर्ता प्रकृया र सार्वजनिक वन र निजिबनमा गरिने बृक्षारोपणको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।साथै यस चालू आ.ब. मा निजिवन दर्ता भएको समूहमार्फत करिव ३.० हेक्टर र सार्वजनिक वन दर्ता समूह मार्फत २.० हेक्टरमा बृक्षारोपण गर्ने अनुमानित लक्ष्य निर्धारण गरियो ।

- **कला संस्कृति/पंचेवाजा तालिम/सहयोग-सहभागी छनौट सम्बन्धमा ।**

कला संस्कृति प्रवर्दन समितिको मिति २०८१।८।२१ गतेको वैठकको निर्णय अनुसार महिलाहरुको लागि पन्चेवाजा तालिम दिने र सोको लागि प्रत्येक वडा वाट ३/३ जनाको सहभागी गराउने निर्णय भएकोमा पन्चेवाजा तालिम त्यसरी संचालन गरी कार्यान्वयन गर्न



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

फग बहादुर विश्वकर्मा
अध्यक्ष

कठिन हुने भएकोले यस चालु आ.ब.मा वडा नं. २ र ५ का महिलाहरुको लागि पंचेवाजा तालिम संचालन गर्ने निर्णय गरियो ।

- **लोकसेवा आयोगको तयारी कक्षा संचालन सम्वन्धमा।**
  यस गाउँपालिकाको चालू आ.ब. २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत महिलाहरुलाई प्रतिस्पर्धात्मक परीक्षा ( लोकसेवा/शिक्षकसेवा आदी) तयारी सम्वन्धी अभिमुखिकरण कार्ग्रकमवाट SEE र सो भन्दा माथिल्लो योग्यता भएको महिलाहरुको लागि एक महिने लोकसेवा तयारी कक्षा संचालन गर्ने र सहभागि छनौटको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

- **डम्पिङ्गसाईट व्यबस्थापन, सम्वन्धमा ।**
  यस गाउँपालिकाको फोहरमैलाको प्रभावकारी व्यबस्थापनको लागि डम्पिङ्गसाईट व्यबस्थापनका उपायको खोजी गर्न फोहर व्यवस्थापन योजना तर्जुमा गर्ने निर्णय गरियो ।

- **स्रोत केन्द्र संचालन र व्यबस्थापन सम्वन्धमा ।**
  सरुमारानी गाउँपालिकाद्वारा संचालित कृषि तथा पशुपंक्षी विकास श्रोत केन्द्रलाई यस क्षेत्रका कृषकहरुको सिकाई केन्द्र/सिकाई पाठशालाको रुपमा संचालन गर्ने कृषि तथा पशुशाखालाई निर्देशित गर्ने निर्णय गरियो ।

- **पुराना सामाग्री लिलाम विक्रि सम्वन्धमा ।**
  यस गाउँपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा रहेका मर्मत गरी प्रयोगमा ल्याउन नसकिने र पुराना सामाग्रीहरु लिलामी प्रकृयामा लैजाने कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०८१/०९/१८

फग बहादुर विश्वकर्मा
अध्यक्ष



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत